*मिति: २०६६/१/२३*

# प्रेस विज्ञप्ति

सञ्चारिका समूह नेपालले २०५७ सालदेखि स्थापना गरेको '**सञ्चारिका समानता पुरस्कार २०६५**' यो वर्ष नेपाल साप्ताहिकका पत्रकार **माधव बस्नेत**लाई प्रदान गर्ने निर्णय गरिएको छ। उक्त पुरस्कारको राशि रू. १५ हजार रहेको छ। २०६५ साल चैत ९ गते (22 March, 2009) नेपाल साप्ताहिकमा प्रकाशित '**शिविरभरि सुत्केरी**' शीर्षकको **माधव बस्नेत**द्वारा लिखित फिचरले प्रथम स्थान प्राप्तको गरेको छ। '**समानताका लागि सञ्चार**' भन्ने आफ्नो मूल नारालाई सफलरूपमा अगाडि बढाउने उद्देश्यले सञ्चारिका समूहले हरेक वर्ष यो पुरस्कार प्रदान गर्दै आएको छ। छापा माध्यममा लैङ्गिक संवेदनशीलतामा आधारित वर्ष भरिमा उत्कृष्ट समाचार/लेख/फिचर लेख्ने एक जना पत्रकारलाई पुरस्कृत गर्ने गरेको छ। उक्त पुरस्कारका लागि समूहले गत २००८ मे देखि २००९ अप्रिलसम्म छापिएका लैङ्गिक समानतामा आधारित ६० वटा समाचार/लेख/फिचर छनोट गरेको थियो। छनोट गरिएका सामग्रीमध्येबाट निर्णायक मण्डललाई उत्कृष्ट ३० वटा समाचार/लेख/फिचर उपलब्ध गराइएको थियो। ती ३० वटामध्ये २०६५ चैत ९ गते (22 March, 2009) मा नेपाल सात्ताहिकमा प्रकाशित '**शिविरभरि सुत्केरी**' शीर्षकको माधव बस्नेतद्वारा लिखित फिचरले प्रथम स्थान प्राप्त गरेको छ।

पुरस्कार छनोटका लागि समूहले तीन सदस्यीय पत्रकारको छनोट समिति गठन गरेको थियो। उक्त छनोट समितिमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष **धर्मेन्द्र झा**, नेपाल टेलिभिजनका समाचार प्रमुख **राजेन्द्रदेव आचार्य** र सञ्चारिका समूहकी कार्यकारी सदस्य **विमला तुम्खेवा** रहनुभएको थियो। छनोट समितिले समाचार/लेख/फिचरको शैली, विषयवस्तु, सन्देश, लैङ्गिक संवेदनशीलता, अन्वेषणजस्ता विषयवस्तुलाई आधार बनाएर मूल्याङ्कन गरिएको थियो।

पुरस्कारका लागि छनोट भएका समाचार/लेख/फिचरमा सञ्चारिका समूहको मासिक प्रकाशन '**सञ्चारिका लेखमाला**'मा प्रकाशित लेख र समूहका कार्यसमितिमा रहेका पदाधिकारीहरूको समाचार/लेख/फिचर संलग्न गराइएको थिएन। साथै छनोट तथा मूल्याङ्कन प्रक्रियालाई निष्पक्ष बनाउनका लागि छनोट समितिलाई सामग्रीहरू उपलब्ध गराउँदा पत्रकार र पत्रिकाको नामसमेत खुलाइएको थिएन।

यसैगरी यसै वर्ष स्थापना गरिएको '**उमा सिंह पत्रकारिता पुरस्कार २०६५**' एभिन्यूज टेलिभिजनका वीरगन्जकी संवाददाता पत्रकार **विभा लुईंटेल**लाई प्रदान गरिने निर्णय गरिएको छ। स्व. पत्रकार उमा सिंहको नाममा स्थापना गरिएको उक्त पुरस्कार महिला पत्रकारहरूलाई पेसामा थप उत्साह बढाउनका लागि यसै वर्षदेखि दिने निर्णय गरिएको हो। उक्त पुरस्कारको राशि रू. ७,१११।- (सात हजार एक सय एघार) रहेको छ।

यसै गरी यो वर्षको '**सञ्चारिका प्रोत्साहन पुरस्कार २०६५**' पूर्ण मासिककी सम्पादक **सम्झना वन** (काठमाडौं) र रेडियो गण्डकीकी पत्रकार **गोमा घिमिरे** (कास्की)लाई दिने निर्णय गरिएको छ। महिला पत्रकारहरूलाई पेसामा थप उत्साह बढाउन सहयोग पुग्ने उद्देश्यले २०६२ सालमा '**सञ्चारिका प्रोत्साहन पुरस्कार**' स्थापना गरिएको हो। सबै पुरस्कार आगामी वैशाख ३१ गते (मे १४, २००९) का दिन समूहको काठमाडौंमा हुने चौथौ महाधिवेशनको उद्घाटन समारोहका अवसरमा प्रदान गरिनेछ।

..........................

**निर्मला शर्मा**

महासचिव